आज मिति २०८२।०७।१८ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री गोकर्ण राज सुयल ज्यूको अध्यक्षतामा एवम् देहायको उपस्थितिमा खाँडाचक्र नगरपालिका वडा नं. ०१ स्थित सार्वजनिक, सरकारी जग्गाको संरक्षण र अतिक्रमण गरी बनाएका घरटहरा हटाउने सम्वन्धी समन्वय बैठक बसी निम्नानुसार निर्णय गरियो।

उपस्थितिः

प्र.जि.अ. श्री गोकर्ण राज सुयल, जिल्ला प्रशासन कार्यालय, कालीकोट

प्र.ना.उ. श्री हिम बहादुर खत्री, जिल्ला प्रहरी कार्यालय, कालीकोट

स.प्र.ना.उ. श्री दिपक चन्द, आश्रित गुल्म, कालीकोट

प्र.अ.अ. श्री ठाकुर प्रसाद के.सी., राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, कालीकोट

नि.प्र.प्र.अ. श्री जसी प्रसाद चौलागाई, खाँडाचक्र नगरपालिका, कालीकोट

वडा अध्यक्ष श्री धर्मराज ताम्राकार, खाँडाचक्र न.पा. वडा नं. ०१

अध्यक्ष श्री रतन बहादुर शाही, उद्योग वाणिज्य संघ, कालीकोट

अध्यक्ष श्री बिरेन्द्र बहादुर शाही, कालीकोट ब्याडमिन्टन संघ, कालीकोट

सर्भेक्षक श्री पुनम विश्वकर्मा, नापी कार्यालय, कालीकोट

नि.का.प्र. श्री मुकुन्द बस्नेत, मालपोत कार्यालय, कालीकोट

निर्णयहरुः

१. मान्म बजार प्रवेश गर्ने जिरो प्वाइन्टमा सडकको क्षेत्राधिकार भित्रका पसल, छाप्रा, घुम्ती, टहरा लगायतका संरचनाहरु हटाउन सबैलाई सार्वजनिक सूचना आव्हान गर्ने। पसल, छाप्रा, घुम्ती हटाउन सबै उद्यमी व्यावसायीहरुले सहयोग गर्ने।

२. सबै उद्यमी व्यावसायीहरुले आफ्ना सम्पूर्ण व्यापार व्यासायका सामानहरु आफ्नो पसल भित्र राख्ने व्यवस्था मिलाउने। पसलबाट निस्कने फोहोर, मर्मत सम्भार गर्नुपर्ने सामानहरु आफ्नो पसल हाताभित्र व्वस्थापन गर्ने व्यवस्था व्यावसायीहरुले मिलाउने।

३. मान्म बजार प्रवेश गर्ने जिरो प्वाइन्टमा कमजोर सडक संरचना भएकोले पक्की सडक संरचना बनाउन सडक डिभिजन जुम्लालाई अनुरोध गर्ने।

४. स्थायी रुपमा पार्किङ हुँदै आएका सवारी साधन पार्किङ ताडी बसपार्कमा राख्ने यस अघिको निर्णय सबैले कार्यान्वयन गर्ने, यसको लागि उद्योग वाणिज्य संघ र नगरपालिकाले नेतृत्वदायी पहल गर्ने।

गोकर्ण राज सुयल
प्रमुख जिल्ला अधिकारी